रिकन्डिसन हाउस लगायतका व्यवसायीहरुले पछिल्लो अवधिको नवीकरण दस्तुर संवत् २०८३ जेठ मसान्तसम्म बुझाएमा सोभन्दा अगाडिका अवधिमा लाग्ने नवीकरण दस्तुर र जरिबानामा सत प्रतिशत छुट दिइनेछ।

१९. **<u>प्रादेशिक व्यापार तथा व्यवसाय ऐन, २०७६ मा संशोधनः</u>** प्रादेशिक व्यापार तथा व्यवसाय ऐन, २०७६ को अनुसूची -२ को सट्टा देहायको अनुसूची -२ राखिएको छः-

**"अनुसूची -२"**

(दफा ४ को उपदफा (२), दफा ९क. को उपदफा (२) र दफा १२ को उपदफा (२) सँग सम्बन्धित)

**<u>प्राइभेट/साझेदारी फर्म/व्यवसाय गर्ने कम्पनीको दर्ता दस्तुर</u>**

| सि.नं. | पुँजी | दस्तुर (रु.) |
|---|---|---|
| १. | तीन लाख रुपैयाँसम्म | ३,०००।- |
| २. | तीन लाख रूपैयाँभन्दा बढी पाँच लाख रूपैयाँसम्म | ६,०००।- |
| ३. | पाँच लाख रूपैयाँभन्दा बढी दश लाख रुपैयाँसम्म | ८,०००।- |
| ४. | दश लाख रूपैयाँभन्दा बढी बिस लाख रूपैयाँसम्म | १२,०००।- |
| ५. | बिस लाख रूपैयाँभन्दा बढी पचास लाख रूपैयाँसम्म | २०,०००।- |
| ६. | पचास लाख रूपैयाँभन्दा बढी एक करोड रूपैयाँसम्म | २८,०००।- |
| ७. | एक करोड रूपैयाँभन्दा बढी पाँच करोड रूपैयाँसम्म | ४४,०००।- |
| ८. | पाँच करोड रूपैयाँभन्दा बढी दश करोड रूपैयाँसम्म | ५२,०००।- |
| ९. | दश करोड रूपैयाँभन्दा बढी | ६०,०००।- |

२०. **<u>प्रदेश पर्यटन ऐन, २०७८ मा संशोधनः</u>** प्रदेश पर्यटन ऐन, २०७८ को,-

(१) दफा २२ को उपदफा (३) को खण्ड (छ) पछि देहायको खण्ड (ज) थपिएको छः-

"(ज) प्रत्येक साना सवारी साधनका लागि एक हजार रुपैयाँ, मझौला सवारी साधनका लागि दुई हजार रुपैयाँ र ठूला सवारी साधनको लागि तीन हजार रुपैयाँ सिफारिस दस्तुर कार्यालयमा दाखिला गरेको निस्साको प्रतिलिपि।"

(२) अनुसूची -१ को सट्टा देहायको अनुसूची -१ राखिएको छः-

## "अनुसूची -१"

(दफा ३ को उपदफा (५) र दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

**दर्ता तथा नवीकरण शुल्क**

होटल, तारे (स्टार) होटल, पर्यटकस्तरको होटल, लज, रेष्टुराँ तथा रिजर्ट, पव, लाउञ्ज तथा बार दर्ता तथा नवीकरण शुल्कः

| सि. नं. | होटलको किसिम | दर्ता शुल्क (रूपैयाँ) | नवीकरण शुल्क (रूपैयाँ) | म्याद नाघेकोमा लाग्ने शुल्क | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | तीन महिनासम्म (रूपैयाँ) | छ महिनासम्म (नवीकरण शुल्कमा थप) | एक वर्षसम्म (नवीकरण शुल्कमा थप) | |
| १. | साधारण होटल, लज तथा रेष्टुराँ | ५,००० | ५,००० | ५,००० | २५% | ५०% | सोभन्दा पछि प्रत्येक वर्षको नवीकरण शुल्कमा प्रति वर्ष १०० प्रतिशतका दरले थप लाग्ने |
| २. | रिसोर्ट, पव, लाउञ्ज तथा बार | ७,५०० | ७,५०० | ७,५०० | | | |
| ३. | पर्यटक आवास (साधारण) तथा एक तारे होटल | १०,००० | १०,००० | १०,००० | | | |

| सि. नं. | होटलको किसिम | दर्ता शुल्क (रूपैयाँ) | नवीकरण शुल्क (रूपैयाँ) | म्याद नाघेकोमा लाग्ने शुल्क | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | तीन महिनासम्म (रूपैयाँ) | छ महिनासम्म (नवीकरण शुल्कमा थप) | एक वर्षसम्म (नवीकरण शुल्कमा थप) | |
| ४. | दुई तारे होटल | २०,००० | २०,००० | २०,००० | | | |
| ५. | तीन तारे होटल | ३०,००० | ३०,००० | ३०,००० | | | |
| ६. | पर्यटक आवास (डिलक्स) | ४०,००० | ४०,००० | ४०,००० | | | |
| ७. | होटलभित्र छुट्टै व्यवसायको रुपमा सञ्चालन भएका डान्सबार, मोटल, कफिसप, साउना, ज्याकुजी सेन्टर, जीम क्लब, स्वीमिङ पुल, हेल्थ क्लब, ब्युटिपार्लर, नाइट क्लब | ५,००० | ५,००० | ५,००० | ५०% | १००% | सोभन्दा पछि प्रत्येक वर्षको नवीकरण शुल्कमा प्रति वर्ष १०० प्रतिशतका दरले थप लाग्ने |

(३) अनुसूची -४ को खण्ड १ को सट्टा देहायको अनुसूची -४ को खण्ड १ राखिएको छः-

**१. एजेन्सीको दर्ता (इजाजत) शुल्क तथा नवीकरण शुल्क रूः**

| एजेन्सीको किसिम | इजाजत शुल्क | नवीकरण शुल्क | म्याद नाघेकोमा लाग्ने शुल्क | | | |
|---|---|---|---|---|---|---|
| | | | तीन महिनासम्म | छ महिनासम्म (नवीकरण शुल्कमा थप) | एक वर्षसम्म (नवीकरण शुल्कमा थप) | एक वर्षभन्दा पछि थप |
| सबै एजेन्सीहरु | २५,००० | २५,००० | २५,००० | २५% | ५०% | सोभन्दा पछि प्रत्येक वर्ष नवीकरण शुल्कमा प्रति वर्ष १०० प्रतिशत का दरले थप हुने |

**नोटः** एजेन्सी दर्ता (इजाजत)को प्रमाणपत्र हराएमा वा च्यातिएमा वा पुनः प्रतिलिपि लिनका लागि पाँच सय रूपैयाँ दस्तुर लाग्नेछ।

(४) अनुसूची -९ को तालिकाको "नवीकरण शुल्क रु." भन्ने महल मुनिको कोठामा रहेको "छ महिनासम्म" भन्ने शब्दहरुको सट्टा "म्याद नाघेको छ महिनासम्म" भन्ने शब्दहरु राखिएका छन्।

२१. **प्रदेश राष्ट्रिय वन ऐन, २०७६ मा संशोधनः** प्रदेश राष्ट्रिय वन ऐन, २०७६ को दफा ३८ को,-

(१) उपदफा (३) पछि देहायको उपदफा (३क) थपिएको छः-

"(३क) समूहभन्दा बाहिर बिक्री वितरण गरिएको वन पैदावार (काठ र दाउरा) बिक्रीबाट प्राप्त रकममा डढेलो व्यवस्थापन